परवानीपुर गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः४ | संख्याः४ | मितिः- २०७९।०४।२३ गते

भाग-२

**परवानीपुर गाउँपालिका**

## परवानीपुर गाउँपालिकाको आर्थिक सहयता सम्बन्धि कार्यविधि, २०७९

**गाउँसभा स्वीकृत मितिः-२०७९।०३।३१ गते**

**प्रस्तावनाः**

परवानीपुर गाउँपालिकाबाट प्रदान गरिने आर्थिक सहायतालाई छिटो, छरितो, मितव्ययी एवं प्रभावकारी रुपमाप्रवाह गर्न र सहायता प्राप्त गर्नेहरुलाई अनुशासित, जवाफदेही, उत्तरदायी बनाई अपेक्षित परिणाम हासिल गर्न, तथा परवानीपुर गाउँपालिका कोषको सही सदुपयोग तथा परिचालन गर्न र सामाजिक सुरक्षा र संरक्षण प्राप्त गर्ने नागरिकहरुकोमौलिक हकको प्रत्याभूत गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ७ ले दिएको अधिकार प्रयोग गरी परवानीपुर  कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः यस कार्यविधिको नाम परवानीपुर गाउँपालिका आर्थिक सहायता वितरण कार्यविधि, २०७९ रहनेछ। यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) 'आर्थिक सहायता भन्नाले कुनै पनि किसिमको दैविक वा मानवीय कारणबाट जीउज्यान, धनजन, चौपायार अन्य सम्पत्ति क्षति भएको व्यक्तिलाई गाउँपालिकाबाट प्रदान गरिने आर्थिक सहयोग भन्ने बुझाउँछ।

(ख) दैवि विपत्ति भन्नाले भुकम्प, बाढी, पहिरो, चटयाङ, हुरी बतास, असिना, शितलहर, तातो हावाको लहरजस्ता प्रकोप भन्ने बुझाउँछ।

(ग) मानवीय विपत्तिभन्नाले मानिसका कारणबाट भएको आगलागी, महामारी, हुलदंगा, जल, औद्योगिक दुर्घटना, विषाल खाद्य सेवन, विषाक्त व्यास, रसायन वा विकिरण चुहावट जस्ता विपत्ति भन्ने बुझाउँछ।

(घ) दीर्थ रोग भन्नाले क्यान्सर, मुटुरोग, मृगौला सम्बन्धी रोग आदि जस्ता रोगबुझाउँछ।

## परिच्छेद-२
## सहायता रकम

३. संकटहरु पूर्ण रुपमा समाधान गर्न नसकिने र न्यूनीकरणका उपायहरू अपनाउँदै अपनाउँदै समेत संकट आइपर्नेर उक्त संकट व्यवस्थापन गर्न केही आर्थिक तथा भौतिक सहायता प्रदान गर्न सकमा समाज र व्यक्तिलाई केहिमात्रामा भएपनि राहत पुग्ने महशुस गर्द तपशिल अनुसारको शीर्षकमा तपशिल अनुसारको आर्थिक सहायता गाउँपालिका प्रमुखको आदेश बमोजिम रु. पाँच सय देखी रु. दश हजार सम्म नगद वा जिन्सी मालसामान प्रदान गरिनेछ। सो भन्दा बढी रु. २५ हजार सम्मको आर्थिक सहायता कार्यपालिका बैठकको निर्णयानुसार प्रदान गर्न सकिनेछ ।

क. मृत्यु भरमा मतकका परिवारका लागि तत्काल राहत पुग्ने गरी

| कारण | सहायता गर्न सकिने रकम |
|---|---|
| आगलागी | काज क्रिया खर्च प्रति व्यक्ति रु.१०,०००/- |
| दुर्घटना (करेन्ट, चटयाङ, साधन तथा औजारबाट) | काज क्रिया खर्च प्रति व्यक्ति रु.१०,०००/- |
| रुख,खोलानाला.भीरपहिरो आदि | काजक्रिया खर्च प्रतिव्यक्ति रु.१०,०००/- |
| दैवि प्राकृतिक विपत्ति | काजक्रिया खर्च प्रतिव्यक्ति रु.१०,०००/- |
| वेवारिस मानिस (बाहिरबाट आएको वा गा.पा. भित्रकोठाउँ ठेगाना खुल्ने गरी बाहिर गएर मरेको) | काजक्रिया खर्च प्रतिव्यक्ति रु.१०,०००/- |
| गा.पा.क्षेत्रभित्रको वैदेशिक रोजगारका क्रममा मृत्यु भएको व्यक्ति | काजक्रिया खर्च प्रतिव्यक्ति रु.१०,०००/- |

| | |
|---|---|
| विषालु पदार्थ सेवन(जस्त पानीआविष परेको) | काजक्रिया खर्च प्रतिव्यक्ति रु.१०,०००/- |
| जनावरबाट क्षति मनासिब क्षति भए | काजक्रिया खर्च प्रतिव्यक्ति रु.१०,०००/- |

***<u>वितरणका आधारहरु:</u>***

(क) प्रहरी सर्जमिन मुचुल्का

(ख) प्रकृति अनुसारको प्रमाण सहित बड़ा कार्यालयको सिफारिस पत्र

(ग) निवेदन

घ) सम्भव भए सम्म तस्बीर (फोटो)

ख. घाईते तथा उपचारको क्रममा रहेको

| **कारण** | **सहायता गर्न सकिने रकम** | |
|---|---|---|
| | **गम्भीर** | **सामान्य** |
| **जनावर आतंक** | बढीमा रु. १०,०००।- | बढीमा रु. २००० देखि रु. ५०००।- |
| **आगलगी** | बढीमा रु. १०,०००।- | बढीमा रु. २००० देखि रु. ५०००।- |
| **बाढी पहिरो** | बढीमा रु. १०,०००।- | बढीमा रु. ५०००।- |
| **हुरी बतास** | बढीमा रु. १०,०००।- | बढीमा रु. ५०००।- |
| **चटयाङ्ग** | बढीमा रु. १०,०००।- | बढीमा रु. ५०००।- |
| **मानवीय र दैविक तथा प्राकृतिक विपत्ति** | बढीमा रु. १०,०००।- | बढीमा रु. ५०००।- |

विवरणका आधारहरुः-

क. विरामी दर्ता पुर्जा (Prescription)

ख. प्रकृति अनुसारको वडा कार्यालयको सिफारिस-पत्र

ग. सम्बन्धित विरामी वा संरक्षकको निवेदन।

ग. गम्भीर प्रकृतिक रोगीहरु (रोगी उपचारको क्रममा हुनुपर्ने)

| रोगको प्रकारहरु | सहायता गर्न सकिने रकम |
|---|---|
| क्यान्सर | बढीमा रु. २१,०००।- |
| मृगौला | बढीमा रु. १५,०००।- |
| मुटु | बढीमा रु. १५,०००।- |
| दम | बढीमा रु. २५००।— बीमा प्रोत्साहनको लागि विपन्न परिवारका लागि मात्र) |
| पत्थरी | बढीमा रु. ५०००।— |
| छाला तथा नसा रोगी | बढीमा रु. १०,०००।— |

विवरणका आधारहरुः-

क. विरामी दर्ता पुर्जा (Prescription)

ख. प्रकृति अनुसारको वडा कार्यालयको सिफारिस-पत्र

ग. सम्बन्धित विरामी वा संरक्षकको निवेदन।

४. माथि उल्लेखित विषयमा नपरेका वा छुट भएका जुनसुकै विषयहरु आएमा र गा.पा. अध्यक्षलाई मनासिब लागेमा गा.पा. अध्यक्षको आदेशबाट रु. ५०००।— (पाचँ हजार) सम्म भुक्तानी दिन सकिनेछ।साथै सो भन्दा बढी आर्थिक सहयोग गर्न मुनासिब देखिएमा कार्यपालिकाको बैठक बाट स्विकृत गराइ दिइने छ ।

## परिच्छेद-३

## समयावधि

५. विपद्ले जनधनको क्षतिको साथै जीवनयापन र वातावरणमा पारेको प्रतिकुल असर/प्रभावहरुलाई कम गर्न र दैनिक जीवनयापनमा केही हदसम्म सहजता ल्याउन राहत रकम निवेदन प्राप्त भएको मितिले विशेष परिस्थिति बाहेक १५ दिन भित्र सम्बन्धित पीडितलाई उपलब्ध गराईनेछ।

## परिच्छेद-४

## विविध

६. यो कार्यविधि का कुनै दफाहरु संघीय, प्रदेश कानुन सँग बाँझिएमा उक्त दफा बाँझिएको हद सम्म अमान्य हुनेछ।

७. यस अघि प्रदान गरिएको आर्थिक सहायता यसै कानुन बमोजिम भए गरेको मानिनेछ।

गाउँ सभाबाट अनुमोदन मितिः-२०७९/०३/३१ गते

प्रमाणिकरण मितिः- २०७९।०४।२३ गते

आज्ञाले

मुन्ना साह रौनियार

प्रमुख प्रशासकीय अधिकृत